# कृषि बिमा कार्यक्रम संचालन कार्यविधि

## कृषि बीमा कार्यक्रम संचालन  कार्यविधि २०८१

**प्रस्तावना**

प्यूठान नगरपालिका प्यूठान जिल्लाको प्रमुख खेती गरिने क्षेत्र भएतापनि यहाँका कृषकहरुले कृषि  उपज उत्पादन गर्दा विभिन्न रोग, किरा तथा प्राकृतिक प्रकोपका कारण धैरै क्षति ब्यहोर्नु परेको छ। उक्त क्षति तथा कृषि व्यवसायमा हुन सक्ने जोखिम न्यूनिकरण गर्न प्यूठान नगरपालिका क्षेत्रभित्रका कृषकहरुको बाली बीमा गराउने उद्देश्यका साथ यस **कृषि बीमा कार्यक्रम संचालन कार्यविधि २०८१** तयार गरिएको छ।

### परिच्छेद – १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यस कार्यविधिको नाम **कृषि बीमा कार्यक्रम संचालन कार्यविधि २०८१** रहेको  छ।

ख. यो कार्यविधि नगरपालिकाबाट स्विकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा**  विषय वा प्रसंगले  अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. **बाली** भन्नाले खाद्यान्नबाली, तरकारीबाली, फलफूलबाली, मसलाबाली,  आलुबाली , मौरी लगायत सबै बालीलाई सम्झनुपर्नेछ।

ग. **नगरपालिका** भन्नाले प्यूठान नगरपालिका सम्झनुपर्ने छ।

घ. **कृषि  शाखा** भन्नाले प्यूठान नगरपालिकाको कृषि शाखा सम्झनुपर्नेछ।

ङ. **कार्यविधि** भन्नाले  **कृषि बीमा कार्यक्रम संचालन कार्यविधि २०८१**   सम्झनुपर्नेछ।

**३. उद्देश्यहरु**

क. कृषिमा हुने जैविक तथा अजैविक प्राकृतिक प्रकोपबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गरी कृषकहरुलाई व्यवसायिक खेतीतर्फ आकर्षित गर्न सहयोग गर्ने।

ख. स्थानीय तह बाट कृषकले व्यहोर्ने प्रिमियम अनुदान दिई  कृषकहरुलाई बिमा गर्न आकर्षित गर्ने।

## परिच्छेद -२

**४. कार्यक्रम संचालन हुने स्थानहरु** प्यूठान नगरपालिका क्षेत्र ।

**५. कार्यक्रम लागू हुने बालीहरु**

क. खाद्यान्न बाली

ख. तरकारी बाली

ग. मसला बाली

घ. फलफूल बाली

ङ. आलु बाली

च. मौरी

**६. बालीबिमा कार्यक्रम कार्यान्वयन समिती**

क) बिमा प्रिमियम अनुदानको लागी कृषक छनौट गर्न आर्थिक विकाश समितिलाई नै बाली बिमा कार्यक्रम कार्यान्वयन समितीको जिम्मा दिईने छ ।

ख) यस समितिले आवस्यकता अनुसार कृषक छनौट गर्न तथा अनुदान प्राप्त गर्ने कृषकहरुको खेत बारीको आवस्यकता अनुसार अनुगमन गर्ने छ ।

**७. कार्यक्रम छनौटका लागि कृषक छनौटका आधारहरु**

क. व्यवसायिक कृषि खेती गरी नगरपालिकामा फर्म दर्ता भएको हुनुपर्ने ,

ख. कृषक समूह वा सहकारीमा आवद्द भएको हुनुपर्ने ,

ग. प्यूठान नगरपालिका भित्र स्थाई बसोबास गरेको हुनुपर्ने ,

घ. फर्म वा खेती गरिएको क्षेत्र नगरक्षेत्रमा रहेको हुनुपर्ने ,

ङ. कृषि पशुपंक्षी तथा जडीबुटी बिमा ऐन २०७९ बमोजिम न्युनतम क्षेत्रफलमा खेती भएको हुनुपर्ने ।

**७. कार्यक्रम संचालन बिधि**

क) कार्यक्रम स्वीकृत पश्चात प्यूठान नगरपालिका कृषि विकाश शाखाले अनुसूची १ बमोजिम सार्वजनिक सूचना आव्हान गर्ने छ ।

ख) कृषि बिमा प्रिमियममा अनुदान प्राप्त गर्न इच्छुक कृषकले बाली बिमा गरी कृषि विकाश शाखाले उपलब्ध गराएको अनुसूचीक नं २ बमोजिमको ढाँचामा निबेदन पेश गर्नु पर्ने छ

ग) बाली बिमा कार्यक्रम बाट कृषकहरुले कृषि बिमा प्रिमियम बापत तिर्ने बिमा सुल्कको ८०% संघिय सरकारले व्यहोर्ने भएको हुँदा बाकि २०% रकम प्यूठान नगरपालिकाले व्यहोर्ने छ ।

**प्रिमियम रकम भुक्तानी प्रक्रिया**

**१)** कृषकले बाली बिमा गरे पश्चात , प्यूठान नगरपालिका कृषि शाखामा बिमा प्रमाण पत्र/ बिमा लेखको प्रतिलिपि , बाली बस्तु राम्रो संग देखिने गरी खिचिएका कम्तिमा ४ तस्बिर , वडा बाट कृषि उत्पादन गरेको तथा बिमा प्रिमियम अनुदान भुक्तानी सम्बन्धी सिफारिश , फर्म / समूहमा आवद्द भएको भए दर्ता प्रमाण पत्र तथा नबिकरण / कर चुक्ता प्रमाणपत्र सहित, भुक्तानीको लागी प्यूठान नगरपालिका कृषि शाखामा निबेदन पेश गर्नु पर्ने छ ।

**२)** समूह सहकारीको हकमा समूह सहकारीले आफ्ना सदस्यहरुको बिमा गराई माथि उल्लेखित कागजात एकमुष्ट रुपमा पेश गर्न सक्ने छ ।

३) नगरपालिकाले कृषकले व्यहोरेको २०% प्रिमियम रकम अनुदान स्वरूप समूह सहकारीले माग गरेको खण्डमा उक्त सस्थाको खातामा वा व्यक्तिले माग गरेमा सम्बन्धित कृषकको बैंक खातामा भुक्तानी दिने छ ।

## परिच्छेद -३

## विविध

**८. अनुगमन तथा मुल्यांकनको व्यवस्था:** बाली बिमा कार्यक्रम कार्यान्वयन समितीद्वारा किसानको नियमित रुपमा अनुगमन तथा छनौट गरिनेछ ।

**९. कार्वाहीको व्यवस्था:** यदि कुनै पनि किसानले आफ्नो विवरण ढाँटछल गरि तोकेको मापदण्ड विपरीत क्रियाकलाप गरेको पाइएमा त्यस्तो किसानलाई प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ ।

**१०. कार्यविधी संशोधन तथा परिमार्जन:** प्यूठान नगरपालिका नगरकार्यपालिकाले बाली बिमा कार्यक्रम कार्यान्वयन समितीको सिफारिसमा यस कार्यविधीमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

अनुसूची -१

सूचना प्रकाशन

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

बिजुवार प्यूठान

**कृषि बीमा कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशन मिति ...........

प्यूठान नगरपालिका कृषि शाखाको आ.व…………….. को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषकको काबुभन्दा बाहिरको परिस्थितिबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण  गरि कृषकहरुलाई व्यवसायिक खेति तर्फ आकर्षित गर्न सहायोग गर्न कृषि बीमा कार्यक्रम रहे अनुसार तोकिए बमोजिमका मापदण्डहरु पुरा गरेको कृषकहरुबाट आबेदनका लागि यो सूचना प्रकाशित गरिएको छ। इच्छुक कृषकले यो सूचना प्रकाशन भएको मितिले कार्यक्रम समाप्तिको सूचना प्रकाशन नहुदा सम्म तोकिएको ढाँचा अनुसारको आवेदन फारम कृषि शाखामा पेश गर्नुहोला। विस्तृत जानकारीको लागि प्यूठान नगरपालिकाको कृषि शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।

**मापदण्ड /आधारहरु**

- प्यूठान नगरपालिका भित्र कृषि व्यावसाय गरेको हुनुपर्ने छ।
- बिमा ऐन,२०४९ बमोजिम दर्ता भएको बिमा कम्पनीबाट बिमा गरेको हुनुपर्दछ।
- बजेट विनियोजित भएको आर्थिक वर्ष भित्र बिमा गरिएको हुनुपर्नेछ।

**आबश्यक कागजातहरु:**

- प्यूठान नगरपालिका कृषि विकास शाखाले उपलब्ध गराएको ढाँचाको निबेदन।
- कृषि बिमा प्रमाण पत्रको प्रतिलिपि।
- वडा कार्यालयबाट प्यूठान नगरपालिका भित्र कृषि व्यवसाय गरेको व्यहोरा सहितको सिफारिस।
- दर्ता फर्म भएमा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि।

.............................

प्रमुख प्रशासकिय अधिकृत

अनुसूची -२

निवेदनको ढाँचा

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

बिजुवार प्यूठान

मिति ..........................

श्री मान प्रमुख प्रसासकिय अधिकृत ज्यू
प्यूठान नगरपालिकाको कार्यालय बिजुवार,प्यूठान ।

विषय :बिमा प्रिमियम अनुदान रकाम पाँऊ ।

उपरोक्त सम्बन्धमा यस प्यूठान नगरपालिका कृषि विकास शाखाको आ.व................ मा स्वीकृत कृषि बीमा कार्यक्रमको अनुदान रकमका लागि यसै निबेदन साथ तपसिलका कागजातहरु संलग्न राखी यो निबेदन पेश गरेको छु ।

**तपशिल :**

- कृषि बिमा प्रमाण पत्रको प्रतिलिपि ।
- बाली बस्तु राम्रो संग देखिने गरी खिचिएका कम्तिमा ४ तस्बिर ,
- वडा बाट कृषि उत्पादन गरेको तथा बिमा प्रिमियम अनुदान भुक्तानी सम्बन्धी सिफारिश ,
- फर्म / समूहमा आवद्द भएको भए दर्ता प्रमाण पत्र तथा नबिकरण / कर चुक्ता प्रमाणपत्र
- बैंक खाता नं र नाम

**निवेदक**

दस्तखत:

कृषकको नाम,थर:

कृषकको ठेगाना:

सम्पर्क नं.: